जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५९ पृष्ठः ४ | २०८२ माघ २३ शुक्रबार (Friday 06 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानका उपमेयरसहित सात नेतालाई जसपा नेपालले गर्‍यो निष्कासन

उनीहरूले पार्टीको नीति, विधान, अनुशासन र हित विपरीत गतिविधि गरेका कारण कारबाही गरिएको पार्टीले जनाएको छ।




**विनय आजाद**

सिरहा, २२ माघ। सिरहाको लहान नगरपालिकाका उपमेयर रामचलितर महतोलाई जनता समाजवादी पार्टी, नेपालले निष्कासन गरेको छ। जसपा नेपालबाट गत स्थानीय तहको चुनावमा लहानको उपमेयरमा निर्वाचित उपमेयर महतोसँगै सात नेतालाई पार्टीले कारबाही गरेको हो। जसपा नेपालको सिरहा जिल्ला कार्यसमितिले बिहीबार एक विज्ञप्ती जारी गर्दै उपमेयर महतोसँगै नरहा गाउँपालिकाका अध्यक्षका प्रत्यासीसमेत जिल्ला अधिवेशन प्रतिनिधि रामसोगारथ यादव, हरिनारायण यादव र महेश यादवलाई निष्कासन गरिएको जनाएको छ।

यस्तै, सखुवानन्कारकट्टी ४ का वडाध्यक्ष रमेश गोइत यादव, सखुवानन्कारकट्टी ४ कै पार्टीको वडा समितिका अध्यक्ष योगेन्द्र झा र लहान नगर समिति सचिव रामऔतार महतोलाई पनि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरिएको जिल्ला अध्यक्ष अशोक कुमारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। उनीहरूले पार्टीको नीति, विधान, अनुशासन र हित विपरीत गतिविधि गरेका कारण कारबाही गरिएको पार्टीले जनाएको छ।

## लहानमा सप्ताहव्यापी रुपमा खेलकुद सुरु



**जीवछ उदासी**

लहान, २२ माघ। जेएस मुरारका बहुमुखी क्याम्पस लहानमा सप्ताहव्यापी रुपमा खेलकुद सुरु भएको छ। खेलकुदको उद्घाटन लहान नगरपालिकामा प्रमुख एवं जेएस मुरारका बहुमुखी क्याम्पस लहानका सञ्चालक समिति अध्यक्ष महेश प्रसाद चौधरीले उदघाटन गर्नुभयो। उहाँले भन्नुभयो, "खेलकुदमा अवल भएर राष्ट्रियको पहिचान बनाउन सकिने भएकोले यसतर्फ पनि यस क्याम्पसले लगानी गरिरहेको छ।" दसवटा खेलकुदमा म्युजिकल चेयर, स्लो साइकल रेस, लिङग जम्प, १०० मिटर दौड, चेस, फुटबल, क्रिकेट, कवडी, भलिबल खेल रहेको अतिरिक्त क्रियाकलाप संयोजक राम प्रकाश महतोले बताउनुभयो। म्युजिकल चेयर खेलको उद्घाटन जेएस माध्यमिक विद्यालयको अध्यक्ष जीवछ उदासीले गर्दै खेलकुदमा लगाएको लगानीले सुनौलो विहानी ल्याउनुपर्ने तर्क गर्नुभयो।

## चुनावअघि कुनै गठबन्धन हुँदैन : कांग्रेस

काठमाडौं, २२ माघ। नेपाली कांग्रेसले चुनावअघि कुनै पनि दलसँग गठबन्धन नगर्ने बताएको छ। कांग्रेस केन्द्रीय प्रचारप्रसार समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता देवराज चालिसेले पार्टीले एक्लै चुनावी प्रतिस्पर्धा गर्न लागेको र सबै १ सय ६५ निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार कायम रहेको जानकारी दिनुभयो। प्रवक्ता चालिसेले पार्टी पूर्णरूपमा चुनावी प्रक्रियामा केन्द्रित रहेको बताउनुभयो। उहाँले संसद् पुनर्स्थापनालगायतका विषयमा चलेका हल्लाहरूको विषयमा पार्टीको कुनै टिप्पणी नभएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, 'हामी सम्पूर्ण रूपमा चुनावी प्रणालीमा गइरहेका छौं। हामी चुनावमा नै विश्वास गर्छौं। पार्टीले सम्पूर्ण शक्ति चुनावमा लगाएको छ। यही बीचमा कतिपय भेटघाट, अदालती कुरालाई लिएर अन्यन्त्र ध्यान मोड्ने कुरामा हाम्रो कुनै टिप्पणी छैन। चुनावअघि हाम्रो कसैसँग कुनै किसिमको गठबन्धन हुँदैन।' चालिसेले स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा

–बाँकी तीन पेजमा

## उज्यालो नेपाल पार्टी जनताको अपेक्षा केन्द्रमा राखेर अघि बढ्दै छ : कुलमान घिसिङ



धनुषा, २२ माघ। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले जनताको अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखेर पार्टी अघि बढिरहेको उल्लेख गर्दै सुशासन, पारदर्शिता र विकासलाई प्राथमिकतामा राख्ने बताएका छन्। बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उनले समसामयिक राजनीतिक अवस्था र पार्टीको आगामी कार्ययोजनाबारे धारणा राखेका छन्। पत्रकार सम्मेलनमा अध्यक्ष घिसिङले मधेस क्षेत्रको विकास, रोजगारी सिर्जना र

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## नीतिगत भ्रष्टाचारको बीजारोपण

निर्वाचन प्रचार प्रसारको गति बिस्तारै तीव्र भएको देखिन्छ। निर्वाचन आचार संहिताका कारण पनि हुनसक्छ ठूला जनसभाहरू भएका छैनन्। तैपनि, निर्वाचन प्रचारमा गएका उमेदवारहरूका वरपर ठूलै भिड देखिने गरेको छ। निर्वाचन घोषणापत्र समेत सार्वजनिक भइनसकेको अवस्थामा चुनाव प्रचारमा देखिएको तामझामले पञ्चायतकै उत्तरार्धको झल्को दिएको छ। निर्वाचन आचार संहितामा तोकिएको उमेदवारले गर्न पाउने खर्चको सीमामा अहिलेको खर्च कसरी समायोजन हुन्छ ?

यसैगरी उमेदवारहरूले प्रयोग गर्ने सवारी साधनलगायतका सामग्रीहरूको स्रोत पनि सन्देहास्पद छ। यसको पनि निगरानी र जाँचबुझ त निर्वाचन आयोगले नै गर्नुपर्ने हो। तर, अहिलेसम्म आयोगले यतातिर ध्यान दिन नभ्याएजस्तो देखिन्छ। नेपालमा राजनीतिक गर्नेहरूले जनतालाई मूर्ख ठान्ने र बर्गल्याउने गर्दैआएका छन्। यदाकदा, जनता पनि ुकागले कान लग्यो भनेको सुनेपछि कान नछामी कागको पछाडि दौडने गरेका देखिन्छन्। यो निर्वाचन पनि अपवाद बन्ने लक्षण छैन। लोकतन्त्र भने जनतालाई सर्वोपरि मान्ने व्यवस्था हो। जनतालाई हेप्नेहरूको हातमा नेतृत्व पर्दैआएकाले नै संघीय लोकतान्त्रिक गणतन्त्रजस्तो उन्नत र उत्तम पद्धतिप्रति समेत वितृष्णा उत्पन्न हुनपुग्यो। पक्कै पनि यो गम्भीर चिन्ताको विषय हो।

यसैगरी चुनावलगायत राजनीतिक दल सञ्चालन र नेताहरूको सुखसुविधाका लागि उद्यमी व्यापारीसँग पैसा, सवारी साधान र अन्य सहयोग लिने प्रचलन संसारभर नै छ। त्यसरी दिएको सहयोगलाई व्यापारीले भने लगानी ठान्ने गरेका छन् र चुनावपछि असुल गर्छन्। फरक यत्ति नै जनसाधारणको व्यक्तिगत ऋण व्यक्तिले नै तिर्नुपर्छ तर राजनीति गर्नेहरूमाथि गरिएको लगानीको असुली भने धेरै गुना बढाएर राज्यसँग असुलिन्छ। नीतिगत भ्रष्टाचारको मूल कारणहरूमध्ये यो व्यापारीको लगानीको शोध भर्ना पनि एउटा प्रमुख कारण हो।

विगतका निर्वाचनहरूपछि यस्ता नीतिगत भ्रष्टाचारका उदाहरण धेरै सुनिएका र देखिएका थिए। अहिले पनि उमेदवारहरूको खर्च गराइ हेर्दा विगतकै उदाहरण दोहोरिने लक्षण देखिएको छ। भ्रष्टाचारविरुद्ध भएको भनिएको आन्दोलनपछि पनि त्यो प्रवृत्ति कायमै रहनु विडम्बना हो। निर्वाचन वा दल सञ्चालनका लागि चन्दा लिनुदिनु अस्वाभाविक होइन। तर, त्यसको मूल्य राज्यले तिर्नुपर्दा नै भ्रष्टाचार र नीतिगत विकृतिहरू बढ्ने हो। यत्रो रक्तपात र विध्वंसपछि भएको निर्वाचनमा भ्रष्टाचारको बीउ पहिले नै रोपिएको देखिनु दुर्भाग्यपूर्ण हो।

चुनावपछि भ्रष्टाचार गर्नु छैन वा कसैको गुन तिर्न राज्यको स्रोत, साधन र ढुकुटी मास्ने मतो भएको छैन भने अहिले उमेदवारहरूले गरेको खर्च र प्रयोग गरेको साधनस्रोतको विवरण पहिले नै पारदर्शी गर। कुन दलको कुन नेताले कुन व्यापारी व्यवसायिको नुन खाएको छ भन्ने जनताले थाहा पाउनुपर्छ।

जनतालाई अहिले ढाँट्न सके चुनावपछि जवाफ दिनै पर्दैन भन्ने ठानेर गुपचुप राख्ने वा ढाँटछल गर्ने प्रयास भयो भने त्यो उमेदवार र दल स्वयंधका लागि प्रत्युत्पादक हुनसक्छ। अब चन्दा सहयोग दिनेहरूले पनि लुकाएर दिने र हाकाहाकी असुल्ने प्रवृत्ति छाड्नु। नत्र भने भ्रष्टाचार, असन्तोष, विद्रोह र भ्रष्टाचारको दुश्चक्र कहिल्यै तोडिनेछैन।

## दुई पाङ्ग्रे सवारी साधनको आयात बढ्यो

पर्सा, २२ माघ। चालु आर्थिक वर्षको प्रथम छ महिनामा यहाँबाट रु चार अर्ब ५६ करोड बराबरका ३२ हजार ३३१ वटा 'अनएसेम्बल्ड' मोटरसाइकल आयात भएका छन्। ती सवारी साधनको आयातबाट रु चार अर्ब ४३ करोड राज्यकोषमा दाखिला भएको छ। गत आवको सोही अवधिमा रु तीन अर्ब ३८ करोड बराबरका २५ हजार ८५७ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएका थिए। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको पहिलो छ महिनामा रु ४५ करोड ८१ लाख बराबरका चार हजार ५६७ वटा मोटरसाइकल आयात भएको छन्। गत आवको सोही अवधिमा रु २० करोड ७६ लाख बराबरका दुई हजार १९२ वटा मोटरसाइकल आयात भएका थिए। यसैगरी, चालु आवको पहिलो छ महिनामा रु ५८ करोड १८ लाख बराबरका चार हजार ५९४ वटा विद्युतीय मोटरसाइकल आयात भएका छन्। गत आवको सोही अवधिमा रु ३० करोड ९६ लाख बराबरका दुई हजार २१८ वटा विद्युतीय मोटरसाइकल आयात भएका थिए।

# कोशीमा लागुऔषध कारोबार भयावह, युवाको संलग्नता बढी

लागुऔषध ओसारपसार र सेवनकर्तामा युवा पुस्ता (१९ वर्षदेखि २८ वर्ष उमेर समूह) बढी सक्रिय रहेको पाइएको छ।



सुनसरी, २२ माघ। कोशी प्रदेशमा लागुऔषध ओसारपसार र बिक्री–वितरण भयावह बन्दै गएको छ। जेनजी विद्रोहपछि प्रहरी प्रशासनको मनोबल घटेको ठानेर लागुऔषध कारोबारीका गिरोह थप सक्रिय भएका छन्। चुनावी चहलपहलको मौका छोपेर लागुपदार्थ कारोबारी गिरोह र दुर्व्यसनी सल्बलाएका छन्। प्रहरीले झापा, मोरङ र सुनसरीका विभिन्न स्थानबाट लागुऔषध ब्राउन सुगर र प्रतिबन्धित औषधिसहित १६ माघमा ७ जनालाई पक्राउ गरेको छ।

झापाको लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका–३ केर्खा बस्ने राजु ढकाललाई ८ ग्राम २३० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ। सोही दिन इलाका प्रहरी कार्यालय अनारमनीले पाँचथरको याङवरक–६ बस्ने अनिश राई र सुनसरीको धरान उपमहानगरपालिका–१७ बस्ने लिला तामाङको साथबाट ३ ग्राम ७०० मिलिग्राम र झापाको बिर्तामोड–४ बस्ने फणिन्द्र विश्रुवकर्माको साथबाट १ ग्राम १२० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको छ।

यस्तै मोरङको इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरको प्रहरी टोलीले विराटनगर महानगरपालिका–१६ बाट लेटाङ–५ बस्ने मनोज परियारको साथबाट ५ ग्राम ९० मिलिग्राम र मोरङको बेलबारीस्थित डागाँबजार प्रहरी चौकीका टोलीले बेलबारी–७ बस्ने मनिष मग्रातीको साथबाट प्रतिबन्धित औषधि ६३० ट्याब्लेट बरामद गरेको छ।

सोही दिन सुनसरीको धरान–१९ चौकिबारीबाट सोही स्थानका सुजन लिम्बुको साथबाट १ ग्राम ४० मिलिग्राम ब्राउन सुगर बरमद गरेको छ। माघ १५ गते झापा, मोरङ र धनकुटाका विभिन्न स्थानबाट ब्राउन सुगर र गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो। माघ १५ गते इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका–३ भुटानी शरणार्थी शिविरका २८ वर्षीय अरुष दासको साथबाट १ ग्राम २७० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो।

सोही दिन मोरङको इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले विराटनगर–१५ को एक नम्बर ढाटबाट भारतबाट नेपालतर्फ आउँदै गरेका दमक–४ बस्ने एलिस कार्कीको साथबाट ९ ग्राम ३५० मिलिग्राम लागुऔषध ब्राउन सुगर फेला पारेका थिए। उता, धनकुटाको प्रहरी चौकी ओखेबाट खटिएको प्रहरी टोलीले साँगुरीगढी–५ मा को२२प १०३९ नम्बरको मोटरसाइकललाई शंका लागी चेकजाँच गर्दा बोरामा १२ किलोग्राम गाँजा पोको पारेको अवस्थामा बरामद भएको थियो। तर मोटरसाइकल धनी भने फरार भएकाले खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

सोही दिन भोजपुरको हतुवागढी गाउँपालिका–९ मचुवाबाट ८२६ किलो ६६० ग्राम गाँजा बोकेको ट्याक्टरसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको थियो। हतुवागढी गाँउपालिका–९ मचुवादेखि धनकुटाको आखुवाटारतर्फ लैजादै गरेको ना७त ३५० नम्बरको ट्याक्टरलाई चेकजाँच गर्दा ४३ वटा बोरामा राखेको अवस्थामा ती गाँजाका बोरा बरामद भएको थियो। प्रहरीले आमचोक–९ बस्ने रुद्रबहादुर श्रेष्ठ, निशान मगर, नीरबहादुर श्रेष्ठ, धनकुटाको शहीभूमि–२ बस्ने सुदीप पुर्कुटी, निलकुमार मगर, किशोर बिसुन्खे, बिर्खबहादुर बिसुन्खे, दीपकुमार बिसुन्खे र ताप्लेजुङको मिरिङ्डेन–६ बस्ने लाक्पा शेर्पालाई पक्राउ गरेको थियो।

प्रहरीले सोही दिन मोरङकाा विभिन्न स्थानबाट ब्राउन सुगर र प्रतिबन्धित औषधिसहित ५ जनालाई पक्राउ गरेको थियो। पक्राउ पर्नेहरुमा १ ग्राम ६४ मिलिग्राम ब्राउन सुगरसहित धरान–१५ बाझगरा बस्ने सुजन धमला, २२८ चक्की प्रतिबन्धित औषधि र २ मिलिग्राम ब्राउन सुगरसहित सुन्दरहरैचा–६ बस्ने अनिष मगर, विजय राई, पवन तामाङ र नवीन राईलाई पक्राउ गरेको थियो।

प्रहरीले झापा र सुनसरीबाट माघ १३ गते लागू औषध ब्राउन सुगर सहित ४ जनालाई पक्राउ गरेको थियो। झापाको बिर्तामोड नगरपालिका–२ बाट बाह्रदशी गाउँपालिका–६ मा डेरा बस्ने दीपक कार्कीको साथबाट १ ग्राम ७०० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो भने बेचबिखनमा संलग्न मनकुमार राजबंशीलाई मे.१ह.५५६२ नम्बरको अटोसहित नियन्त्रणमा लिएको थियो। सोही दिन सुनसरीको धरान–८ बाट इटहरी उपमहानगरपालिका–५ बस्ने सोनिका तामाङको साथबाट ३७० मिलिग्राम ब्राउन सुगर फेला पारेसँगै कारोबारमा संलग्न इटहरी–९ बस्ने इशा पौडेललाई नियन्त्रणमा लिएको थियो।

प्रहरीले सोही दिन झापा, मोरङ र सुनसरीबाट थप १० जनालाई ब्राउन सुगर, प्रतिबन्धित लागुऔषध र गाँजासहित पक्राउ गरेर अनुसन्धानका लागि हिरासतमा लिएको थियो। माघ १० र ११ गते पनि प्रहरीले सुनसरी, झापा र उदयपुरबाट ब्राउनसुगर, गाँजा र प्रतिबन्धित औषधिसहित ७ जना पक्राउ गरेको थियो। माघ १० देखि १७ गतेसम्म एक साताको अवधिमा प्रहरीले लागुऔषध कारोबार र बिक्री वितरणमा संलग्न रहेको आरोपमा झापा, मोरङ, सुनसरी, भोजपुर, उदयपुर र धनकुटाबाट मात्र ४९ जनालाई पक्राउ गरेको छ।

प्रहरीले पछिल्लो समयमा ब्राउन सुगर, गाजा र चिकित्सकको प्रेस्किप्सन विना सेवन गर्न नहुने ट्याब्लेट, क्याप्सुल (ट्रामाडोल, स्पाज्मोप्रोक्सिभन, नाइट्रोजेपाम, डाइजेपाम, डाइजेल्याप, एभिल, फेनारगन, ल्युपिजेसिक, नाइट्रोसन) बरामद गरिरहेको छ। अरू लागुऔषधभन्दा कैयौं गुणा महँगो पर्ने ब्राउन सुगर नेपालमा उत्पादन र प्रशोधन हुँदैन। बजारमा ९ मिलिग्राम ब्राउन सुगरको एक डोजलाई गिरोहले कम्तीमा १५ सय रुपैयाँ र बढीमा २५ सयमा बिक्री गर्ने गरेको प्रहरीले जनाएको छ।

यो लागुऔषध भारतीय सीमानाकाबाट भित्रिन्छ। गाँजा नेपालमै उत्पादन भएर भारतीय बजारमा तस्करी हुन्छ। चिकित्सकको अनुमतिमा मात्र सेवन गर्न सकिने मनोदीपक र दुखाइ कम गराउने खालका ट्याब्लेट र क्याप्सुल कतिपय नेपालमै र कतिपय भारतीय औषधि कम्पनीले उत्पादन गर्दै आएको देखिन्छ।

**चार वर्षमा १६ किलो ब्राउन सुगर बरामद**

कोशी प्रदेश प्रहरी कार्यालयले अनलाइनखबरलाई दिएको जानकारीअनुसार चालु आर्थिक वर्षको पुस–माघसम्ममा करिब ५ किलोग्राम ब्राउन सुगर बरामद भएको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका विभिन्न स्थानबाट प्रहरीले ५ किलो ४८९ ग्राम ८९८ मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो। यस्तै आर्थिक वर्ष २०८०/८१ मा कूल ३ किलो ८८९ ग्राम ३४९ मिलिग्राम ब्राउन सुगर बरामद भएको कोशी प्रहरीले जनाएको छ।

आर्थिक वर्ष २०७९/८० मा २ किलो ७९ ग्राम ८४९ मिलिग्राम बरामद गरेको तथ्याङ्क छ। अर्थात् चार वर्षको अवधिमा कोशी प्रहरीले करिब १६ किलो ब्राउन सुगर बरामद गरेको देखिन्छ।

**९ महिनामा गाँजा १५ हजार किलो, ट्याब्लेट सवा ४ लाख बट्टा बरामद**

कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) विनोद घिमिरेका अनुसार यो चालु आर्थिक वर्षको पुससम्ममा गाँजा १५ हजार ६०० किलो ८५८ मिलिग्राम बरामद भएको छ। यस्तै विभिन्न मनोदीपक चक्की, क्याप्सुल–ट्याब्लेट ४ लाख ३३ हजार ३४६ वट्टा बरामद भएको छ। मनोदीपक सुई ३ हजार ९११ एम्पुल बरामद भएको डीआईजी घिमिरेले बताए। कोशी प्रहरीले बरामद गरेको लागुऔषधको तथ्याङ्क विश्लेषण गर्दा कारोबार, ओसारपसार र प्रयोगकर्ताको संख्या वर्षेनी दोब्बर वृद्धि भइरहेको देखिन्छ। चार वर्षअघि गाँजा ५ हजार ८१५ किलो ४९२ ग्राम ७०० मिलिग्राम मात्र बरामद भएको थियो तर त्यसको एक वर्षपछि १० हजार ४२० किलो बरामद भयो। गत आर्थिक वर्षमा त २६ हजार ७०५ किलो गाँजा बरामद भएको थियो। चरेश र अफिम भने दुर्व्यसनीको रोजाइमा नपरेको वा बजारमा उपलब्ध नभएको हुनसक्ने भएकाले अत्यन्त कम मात्रामा बरामद भएको प्रहरीले जनाएको छ।

यो चालु आर्थिक वर्षको पुस–माघसम्ममा लागुऔषध कारोबार र ओसारपसार गर्नेमध्ये ८४५ जना पक्राउ परेका छन्। गत आर्थिक वर्षमा २ हजार २७६ जना पक्राउ परेका थिए भने अघिल्लो आर्थिक वर्षमा १ हजार ५९८ जना र आर्थिक वर्ष २०७९/८० मा १ हजार १५७ जना पक्राउ परेका थिए।

**ओसारपसार र सेवनकर्तामा युवा बढी**

लागुऔषध ओसारपसार र सेवनकर्तामा युवा पुस्ता (१९ वर्र्षदेखि २८ वर्ष उमेर समूह) बढी सक्रिय रहेको पाइएको छ। त्यसपछि २९ वर्षदेखि ४५ वर्ष उमेर समूहका छन्। ब्राउन सुगर, गाँजा,

–बाँकी तीन पेजमा

## कोशीमा...

मनोदीपकजन्य लागुऔषध ओसारपसार गराउने गिरोहले १८ वर्ष मुनिका बालबालिकासमेत प्रयोग गरेको पाइएको छ। गत वर्ष पत्राउ पर्नेमा ११ जना त बालबालिका नै थिए।

लागुऔषध ओसारपसार र सेवनमा संलग्न हुनुका कारणमा साथी–संगतीको प्रभावलाई मुख्य मानिएको छ। साथै व्यक्तिगत कौतुहलता र उत्सुकताले पनि बढी काम गरेको छ। संगत र कौतुहलताले गर्दा 'एक पटक एक डोज लिइहालौं, कस्तो फिलिङ्स हुन्छ' भनेर सेवन गर्नेहरू नै सबैभन्दा बढी ब्राउन सुगर, गाँजा र अन्य लागुऔषधको चपेटामा फसेका छन्।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका मानसिक रोग विभागका साइकियाट्रिस्ट एसोसिएट डा. सञ्जीव मिश्र एकदुई पटक चाख्दाचाख्दै ब्राउन सुगरको लत बस्ने तर छुटाउन गाह्रो बताउँछन्। उनका अनुसार सुईमार्फत सेवन गर्नेहरुलाई एचआईभी–एड्स, हेपाटाइटिस जस्ता सरुवा रोग पनि सर्न सक्ने भएकाले सचेत हुन जरुरी छ ।

कतिपयले मानसिक तनाव भएर लागुपदार्थ सेवन गर्ने गरे पनि लागुपदार्थ प्रयोगकै कारण डिप्रेसन, एन्जाइटी जस्ता मानसिक रोग उत्पन्न हुने चिकित्सकहरूले बताउँदै आएका छन्।

किशोर उमेरदेखि बयस्कतिर जाँदा 'ट्रान्जेक्सन' समयमा हुने खुल्दुली, जिज्ञासाले लागुऔषधको कुलतमा फस्ने सम्भावना बढी हुने गरेको मनोचिकित्सक डा मिश्र बताउँछन्। अनलाइन खबरबाट

## उज्यालो नेपाल...

युवाको सहभागिता बढाउन विशेष कार्यक्रम ल्याइने जानकारी दिए।

वर्तमान राजनीतिक व्यवस्थाप्रति जनतामा बढ्दो निराशालाई सम्बोधन गर्न वैकल्पिक राजनीति आवश्यक रहेको धारणा व्यक्त गरे। साथै, उज्यालो पार्टी जनताको आवाज बनेर जिम्मेवार भूमिकामा प्रस्तुत हुने प्रतिबद्धता व्यक्त गरे। पत्रकार सम्मेलनमा स्थानीय पत्रकारको उपस्थिति रहेको थियो भने उनीहरूले उठाएका प्रश्नको अध्यक्ष घिसिङले स्पष्ट जवाफ दिए।

## चुनावअघि कुनै...

मतदान तथा प्रचारप्रसार गर्न पाउनु नागरिक र राजनीतिक दलको अधिकार भएको उल्लेख गर्दै त्यसको व्यवस्था गर्न सरकारलाई आग्रह गर्नुभयो।

छुवाछुत
एक सामाजिक
अपराध र
मानव
अधिकारको
हनन् हो।

# उदयपुर–२ : फेरिरहन्छन् प्रतिनिधि, फेरिँदैन सडकको अवस्था

**सुदिप राउत**

उदयपुर, २२ माघ। जता हेर्‍यो त्यतै धुलो, मनभरि आक्रोश। उदयपुरको कटारी नगरपालिका–८ कोलबोटका बेदबहादुर तामाङको अवस्था वर्षदेखि यस्तै छ। दैनिकी धुलो बढार्दैमा बित्छ, अनि मनमा आक्रोस उत्पन्न हुन्छ। बेतिनीमा चिया पसल गर्नुभएका तामाङले दुई दशकदेखि एउटै सपना देखिरहनुभयो, घरअगाडिको सडक कालोपत्र भएको। त्यो सपना भने अझै पूरा भएको छैन। फेरि यसपटक चुनावी माहोल छ, चुनावमा सपनाहरू बाँड्न सुरु भइसकेको छ, तर विसं २०६४ देखि हालसम्म चारवटा चुनावमा भोट मागेका कसैले पनि ती सपना पूरा गर्न सकेका छैनन्। त्यही कारण उहाँले भोट हालेका कोही पनि दोहोरिएर आएका छैनन्।



उम्मेदवार फेरिए, तर तामाङले धुलोबारे गुनासो गर्नुपर्ने र समस्या भोग्नुपर्ने नियति फेरिएको छैन। "यो हाम्रो विडम्बना नै भन्नुपर्छ, जुन सडक कालोपत्र गर्ने आश्वासन बोकेर नेताहरू चुनाव जितेर गए, आज पनि त्यही सडक उस्तै जीर्ण, धुलाम्मे र जोखिमपूर्ण अवस्थामा छ। हाम्रा दुःख उस्तै छन्", उहाँले भन्नुभयो। हाल फेरि उदयपुर–२ मा चुनावी सरगर्मी बढेको छ। आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यस क्षेत्रमा एक स्वतन्त्रसहित १३ जना उम्मेदवारहरू छन्। उनीहरू यहाँका ९६ हजार १२२ मतदाताको घरदैलोमा पुग्न कस्सिरहेका छन्। टोल–टोलमा पार्टीका सम्पर्क कार्यालय खुलेका छन्। क्षेत्रको केन्द्र मानिने कटारी बजारमा सबै प्रमुख दलहरूले क्षेत्रीय निर्वाचन सम्पर्क कार्यालय स्थापना गरेर उम्मेदवारको दौडधुप बढाइरहेका छन्। घरदैलो कार्यक्रम पनि जारी छ, तर मतदाताको मनमा भने उत्साह होइन, आक्रोशको 'हुरी' चलिरहेको छ। प्रश्न उही छ— के यो पटकको चुनावपछि सिद्धिचरण राजमार्गको मिर्चैया—कटारी—घुर्मी खण्डले नयाँ रूप पाउला रु कि अर्को चुनावमा पनि यो सडक फेरि 'भोट माग्ने मुद्दा' मात्रै बन्ला ?

बेदबहादुरका लागि यो सडक केवल आवतजावतको गर्ने आधार मात्रै होइन, यो दुई दशकदेखिको यहाँको राजनीति र राज्यले दिएको निरन्तरको धोका हो। आफ्नो पसलको तखतामा जमेको धुलोको बाक्लो तह देखाउँदै उहाँ भन्नुहुन्छ, "चुनाव आउँदा नेताका चिल्ला कुराले मनै लोभ्याउँछ, तर जितेर गएपछि उनीहरूले उडाएको धुलोले हाम्रो आँखा मात्र होइन, भविष्य नै धमिलो पारिदिन्छ। २० वर्षअघि पनि यही सडक बन्छ भनेर भोट मागियो, आज पनि त्यही भन्दैछन्। हामी त केवल भोट हाल्ने मेसिन मात्र भयौं, केवल भोट बैंक।"

तामाङको स्वरमा आक्रोश मात्र होइन, राज्यप्रतिको चरम अविश्वास पनि झल्किन्छ। उहाँ भन्नुहुन्छ, "यदि कसैलाई यो गफ मात्रै हो भन्ने लागिरहेको छ भने एकपटक मोटरसाइकल चढेर कटारीदेखि घुर्मीसम्म पुगेर हेरोस्। धुलोले अनुहार नचिनिने भएर फर्किंदा मात्रै हाम्रो पीडा थाहा हुन्छ। नेताहरू त गाडिभित्र सिसा थुनेर हिँड्छन्, उनीहरूलाई बाहिरको धुलोले के पो छुन्थ्यो र !" तामाङको यो आक्रोश केवल एउटा व्यक्तिको मात्र होइन, सिङ्गो उदयपुर–२ को साझा आवाज हो। त्यही आवाजका कारण आफ्नो सपना पूरा गरिहाल्छन् कि भनेर यहाँका मतदाताले पछिल्लो दुई दशकमा हरेक निर्वाचनमा प्रतिनिधि फेरिरहन्छन्। यो विकास नभएपछिको एक प्रकारको 'मौन जनविद्रोह' पनि हो भन्नेहरू धेरै छन्। यस सडकखण्डको रूप फेर्ने आशासहित यहाँका जनताले पालोपालो सबै मुख्य दललाई जिम्मेवारी दिए, तर त्यो कसैले पनि पूरा गर्न नसकेको स्थानीयको गुनासो छ।

विसं २०६४ मा तत्कालीन नेकपा (माओवादी) का मोहनबहादुर खत्री, विसं २०७० मा नेपाली कांग्रेसका नारायणबहादुर कार्की, विसं २०७४ मा नेकपा (एमाले)— माओवादी गठबन्धनबाट सुरेशकुमार राई र पछिल्लो पटक २०७९ सालमा एमालेका अम्मरबहादुर रायमाझीलाई निर्वाचित गराएर यहाँका बासिन्दाले ठूलो भरोसा राखेका थिए। जो प्रतिनिधि चुनिए पनि सिद्धिचरण राजमार्ग एवं हलेसी जोड्ने यो मार्ग केवल चुनावी भाषण र आश्वासनको सस्तो विषय मात्र बन्यो। "जुन पार्टीका नेता आए पनि हाम्रो पीडा कसैले बुझेनन", कटारी—११ कटुन्जेका स्थानीय युवा बिजेन्द्र रानामगर आक्रोश पोख्दै भन्नुहुन्छ, "नेताहरू त चिल्ला गाडीको सिसा थुनेर धुलो उडाउँदै हिँड्छन्, हामी भने त्यही धुलोबाट रोग र भोकसँग लड्न बाध्य छौं।"

बहत्तर किलोमिटर लामो सिद्धिचरण राजमार्ग माथिल्लो सगरमाथाका तीन जिल्लाहरू— सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङलाई कोशी प्रदेशको राजधानी विराटनगरसँग जोड्ने 'लाइफलाइन' हो। यही लाइफलाइन अहिले जीर्ण हुँदा मृत्युरेखा जस्तै बनेको छ। विसं २०३४ मा मिर्चैया–कटारी 'ट्र्याक' खुलेपछि २०४८ मा स्व बलबहादुर राईको पहलमा कटारी–ओखलढुङ्गा सडक निर्माण सुरु भयो। विसं २०५८ देखि राजमार्गको कटारी–घुर्मी खण्ड ९४६ किमी० मा यातायात सञ्चालन भए पनि दुई दशकसम्म यसको अवस्था फेरिएन। घुर्मी–ओखलढुङ्गा खण्ड कालोपत्र भइसक्दा मिर्चैया–कटारी–घुर्मी ९७२ किमी० खण्ड भने अझै उपेक्षित छ। त्यसैले, दुई घण्टाको दूरी भएको सडममा पाँच घण्टाभन्दा बढी समय लगाएर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ ।

यो सडकखण्ड रणनीतिक रूपमा पनि उत्तिकै महत्वपूर्ण छ। कटारी–घुर्मी खण्ड दक्षिणमा मदन भण्डारी लोकमार्ग र महेन्द्र राजमार्गलाई जोड्छ भने उत्तरमा घुर्मी पुगेर मध्यपहाडी लोकमार्ग हुँदै बिपी राजमार्गमार्फत काठमाडौँसम्मको सम्पर्क सूत्र हो। यति महत्त्वपूर्ण सडक सञ्जालको स्तरोन्नति नहुँदा सिङ्गो पूर्वी पहाडको अर्थतन्त्र र जनजीवनलाई नै पछाडि धकेलेको छ। पूर्वको पशुपतिनाथ मानिने प्रसिद्ध धार्मिकस्थल हलेसी जाने मुख्य मार्ग यही हो। तराई–मधेसदेखि हलेसी जाने तीर्थयात्रीहरू कैयौँ पटक यहाँ दुर्घटनाको सिकार भएका छन्। जोखिमपूर्ण यात्राकै कारण पर्यटकहरू यो बाटो प्रयोग गर्न हिच्किचाउँछन्। यस सडकका 'सुपरभाइजर' कुमार प्याकुरेल भन्नुहुन्छ, "एकपटक यो बाटो प्रयोग गरेका यात्रुहरू दोहोरिएर आउन चाहँदैनन्। साना सवारीसाधनलाई ४६ किलोमिटर पार गर्न तीन घण्टा लाग्छ भने ठूला सवारीसाधनलाई छदेखि सात घण्टा। त्यसैले यात्रुहरू वैकल्पिक घुमाउरो सिन्धुली–खुर्कोट–घुर्मीको बाटो प्रयोग गर्न बाध्य छन् ।"

सडक नबन्दा सबैभन्दा बढी मार व्यापार र स्थानीयको दैनिकीमा परेको छ। यहाँका नागरिकलाई लत्ताकपडा, खाद्य सामग्री मात्र होइन, खेतबारीको अन्नबाली र तरकारी जोगाउन पनि कठिन भएको छ। कटारी बजार आफैँमा ऐतिहासिक छ। तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारी सगरमाथा चढ्न जाँदा यहीबाट पैदल हिँडेर गएको इतिहास छ। त्यसैले यसलाई 'सगरमाथाको प्रवेशद्वार' भनिन्छ, तर यही प्रवेशद्वारका व्यवसायीहरू पलायनको बाटो रोजिरहेका छन्। विदेशबाट फर्किएर स्वदेशमै केही गर्ने सपना बोकेका धेरै युवाको सपना पनि यही सडकले कुल्चिएको छ। पाँच वर्ष कतारमा पसिना बगाएर फर्किएका अमर मोक्तानले आफ्नै ठाउँमा केही गरौँ भनेर बेतिनीमा किराना पसल खोल्नुभयो, तर १४ वर्षदेखिको धुलोले उहाँलाई अहिले निराश बनाएको छ। "सामान राख्नै गाह्रो छ। धुलोबाट जोगाउनै मुस्किल छ", उहाँ भन्र्नहुन्छ, "धुलोले सामान बिग्रिन्छ, ग्राहक आउँदैनन्। अनि कसरी चल्छ व्यवसाय ?"

व्यवसायीहरूको यो पीडा अमर मोक्तानमा मात्र सीमित छैन। गहुँबारीका युवा व्यवसायी कुमार श्रेष्ठको अनुभवमा पनि सडकको यो दुरावस्था व्यापारका लागि 'पासो' बनेको छ। जीर्ण बाटोकै कारण सेवाग्राही नआउँदा व्यवसाय थप धराशयी बन्दै गएको उहाँको भनाइ छ। यही सडकको धुलोले सपनाहरू यसरी उडाइदियो कि, हर्देनीमा करिब रु पाँच लाख लगानी गरेर होटल सुरु गरेका धिरज भुजेलले छ महिनाअघि आफ्नो थातथलो मात्र छोड्नुभएन, वैदेशिक रोजगारीका लागि मरुभूमि भासिन बाध्य हुनुभयो। यस्तै, कटारी–११ गहुँबारीका सञ्चिव बस्नेतले त छ वर्षसम्म गरेको संघर्षलाई तिलाञ्जली दिँदै व्यापार नै बन्द गर्नुभयो। धुवाँ र धुलोले पसलका सामान मात्र होइन, सपना नै चौपट पारेपछि उहाँ फेरि पुर्ख्यौली पेसा खेती किसानीमै फर्किनुभएको छ।

"धुलो खाएर व्यापार गर्नुभन्दा बरु माटो खनेर कृषिकर्ममै लाग्नु ठीक लाग्यो, यसैबाट जीविकोपार्जन त चलेको छ", बस्नेत भन्नुहुन्छ, "यदि यो सडक बनेको भए यहाँको बजारमा अर्कै चहलपहल हुने थियो। महाभारत क्षेत्रको यो शीतल हावापानीमा गर्मी छल्न तराईका सिरहा र सप्तरीदेखिका मानिसहरू आउने थिए। प्रकृतिले दिएको यो स्वर्ग जस्तो ठाउँलाई सडकको बेवास्ताले नर्क जस्तै बनाइदियो।" शिक्षा र स्वास्थ्यको क्षेत्रमा यो सडकले पारेको प्रभाव त झन् भयावह छ। सडकको धुलो केवल पसलका तखतामा मात्र होइन, विद्यालयका कक्षाकोठा र कलिला बालबालिकाको फोक्सोसम्म पुगेको छ। कटारी–११ हर्देनीस्थित सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक दिनेश रायमाझीको प्रश्नले राज्यको लाचारीलाई गिज्याइरहेको छ। उहाँ भन्नुहुन्छ, "हाम्रा विद्यार्थीहरू विद्यालय आउँदा बाटोभरि दिनकै एक मुठी धुलो खाएर कक्षामा छिर्छन्। एकछिन उभिएर हेर्नुस् त, ती बालबालिकाले लगाएको कपडाको रङ धुलोले चिन्नै नसकिने भएको हुन्छ। यो केवल सडकको कुरा होइन, यो त बालबालिकाको स्वास्थ्य र उनीहरूको भविष्यमाथि गम्भीर खेलबाड हो। उनीहरूको यो बिग्रँदो स्वास्थ्यको जिम्मेवारी अब कसले लिने रु"

उहाँका अनुसार धुलोका कारण विद्यार्थीहरूमा निरन्तर खोकी लाग्ने, आँखा चिलाउने र श्वासप्रश्वासको समस्या बढ्दै गएको छ। सिद्धिचरण राजमार्गको यो दुरावस्थाले यहाँको वर्तमान मात्र होइन, आउँदो पुस्तालाई समेत गम्भीर समस्यामा पारेको छ। यही सडक स्तरोन्नतिका लागि कटारीस्थित मिर्चैया–कटारी–घुर्मी सडक योजना कार्यालय स्थापना भएको पाँच वर्ष भएको छ। कार्यालयका सूचना अधिकारी इन्जिनियर वीरेन्द्रप्रसाद महतोका अनुसार मिर्चैयादेखि कटारीसम्मको २६ किलोमिटर सडक स्तरोन्नतिको चरणमा छ, तर मरुवा खोलादेखि घुर्मीसम्मको अवस्था नाजुक छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा रु एक अर्ब तीन करोड विनियोजन भए पनि विभिन्न आन्दोलन र वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता प्रक्रियागत कारण ठेक्का प्रक्रिया अगाडि बढ्न सकेको छैन। कुल रु १० अर्बको लागत अनुमान गरिएको आयोजनामा यस वर्षको बजेट 'फ्रिज' हुने डर उत्तिकै छ। "२०८२ को मापदण्डबमोजिम बहुवर्षीय फाइल अगाडि बढाइएको छ, तर स्रोत सुनिश्चित नभएकाले ठेक्का प्रक्रिया अन्योल छ", महतो भन्नुहुन्छ।

सडक स्तरोन्नतिका लागि यहाँका स्थानीयले अब हारगुहार गर्न बाँकी कुनै ठाउँ छैन। स्थानीय तहदेखि प्रदेश र संघीय संसद्का प्रतिनिधिसम्म, मन्त्रालयका कोठादेखि सडकको चक्काजामसम्म सबै उपाय

# मिथिला मध्यमा परिक्रमा र चुनावको मिति जुधेपछि साधुसन्त चिन्तित



जनकपुर, २२ माघ। त्रेता युगमा अयोध्याका राज कुमार रघुवंशी राम र मथिलाकी राज कुमारी सीता बीच कसिएको लगन गाँठोको गाथा अझै पनि चर्चित छ र आत्मसात गरिन्छ। राजा जनकको राज्य मिथिला र राजधानी जनकपुरधामलाई केन्द्रमा राखेर प्रत्येक वर्ष भक्तिभाव, आस्था र विश्वासका साथ मिथिला मध्यमा परिक्रमा घुम्ने पौराणिक चलन छ। यसमा नेपाल र भारतका लाखौं साधु सन्त गृहस्थ आश्रमका नरनारी सहभागी हुने गर्छन्। तर, यस पटक भने आसन्न निर्वाचनको मुखमै परिक्रमा परेका कारण सबैको चिन्ता बढाएकोछ।

विश्वभरका हिन्दुको अस्थाको केन्द्र मिथिलाको मध्य भागको वार्षिक आवधिक यात्राको तिथि नजिकिएको छ। नेपाल र भारतमा यो धार्मिक पद यात्रालाई मिथिलाको महाकुम्भ समेत भन्ने गरिन्छ। धनुषाको कचुरी मठ बाट मिथिला बिहारी र जनकपुरधामको सुन्दर सदनबाट किशोरीजीको डोलाको नेतृत्वमा विधिवत रुपमा आगामी फागुन ५ गते निस्कने १५ दिने परिक्रमा प्राचिन मथिलाको मध्य भागको यात्रा हो।

यसले ४० कोस अर्थात १ सय २८ किलोमिटर गोलाकार मार्गको दुरी तय गर्दछ। जानकारहरुका अनुसार१८ औ शताब्दीमा रचिएको मथिला महात्म्य महाकाव्यमा वर्णन गरिए अनुसार यो परिक्रमा रामायणका धेरै जसो पक्षसाग सम्बन्ध राख्ने स्थान छुने गर्दछ। फागुनको औंसी देखि पूर्णिमा सम्म चल्ने परिक्रमामा साधुसन्त लगायत भक्तजन परम्परागत बाजागाजा, झ्याकी र कीर्तन सहितका मौलिक पहिरनमा पैदल यात्रा गर्ने परम्परा छ। तर, यो पदयात्रा सागै फागुन २१ गतेको निर्वाचनको मिति जुधेकाले साधु सन्त र गृहस्थ समाजलाई चिन्ता बढाएको छ।

महाशिव रात्री सम्पन्न भए लगत्तै प्रारम्भ हुने र लामो समय चल्ने धार्मिक पदयात्राको१५ विश्राम स्थल मध्ये ११ नेपालमा र चार भारतमा रहेका छन्। भारतको कल्याणेश्वरबाट फागुन१९ गते बाजा गाजा रगाडी सहितको लावा लस्करमा हजारौं साधुसन्त र श्रद्धालुहरु जनकपुरधाम पुनः फर्किने र २० गते जनकपुरधामकै पञ्चकोशी अन्तर गृह परिक्रमा पछि यो धार्मिक यात्रा समापन हुनेछ। तर, २१ गतेको निर्वाचनमा दुई दिन अघि देखि सीमानाका बन्द र मौन अवधि रहने भएकाले पदयात्राका सहभागी कसरी जनकपुर आउने र लगत्तै होली पर्व मनाउन कसरी फर्किने भन्ने बारे अहिले सर्वत्र चिन्ता र चासोको विषय बनेको छ।

प्राचिन मथिलाको राजधानी जनकपुरधामको चारैकुनामा राजाजनकले स्थापना गर्नुभएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानेर मिथिला मध्यमा परिक्रमा गर्ने परम्परा छ। यस परिक्रमामा सहभागी भएमा राजाजनकले पुनःगृहस्थाश्रममै रही सम्पूर्ण राजकाज चलाएरै मोक्ष प्राप्त गर्न सफल हुनु भएको मानिन्छ।

# सप्तरी–३ का रास्वपा उम्मेदवार माथि भ्रष्टाचारको आरोप, ९ जनालाई बयानमा बोलाइयो



**विद्यानन्द राम**

सप्तरी, २२ माघ। सप्तरी क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यका लागि राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)बाट उम्मेदवारी दिएका अमरकान्त चौधरीसहितका ९ जनामाथि भ्रष्टाचारको आरोप लागेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका चौधरीसहितकाले मिलेमतो गरी भवन निर्माण कार्यमा भ्रष्टाचार गरेको उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयानका लागि बोलाएको हो। आयोगले गत मंगलबार डाक्नेश्वरी नगरपालिकामा पत्राचार गर्दै उनीहरुलाई उपस्थित गराई दिन भनेको छ। पत्रअनुसार सोही नगरपालिका-५ स्थित श्रीकान्त चन्द्र नमुना माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चौधरीसहितकालाई शुक्रबार १० बजे आयोगको अनुसन्धान शाखा नं. ४(ख)मा उपस्थित गराइदिन भनिएको छ।

अमरकान्त पूर्वसांसद चन्द्रकान्त चौधरीका छोरा हुन्। तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट राजनीतिमा लागेका अमरकान्त पछिल्लो समय रास्वपामा प्रवेश गरेर यसबाट उम्मेदवारी दिएका हुन्। अमरकान्तसहित तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु रामसागर मण्डल, सतेन्द्रकुमार मण्डल, रुब्नीदेवी सदा, कविता सिंह, श्यामलादेवी मण्डल, दुखरण मण्डल, सुभाषकुमार साह र योगेन्द्रप्रसाद मेहता छन्।

# अध्यक्ष यादव चुनावी भेटघाटमा व्यस्त



सप्तरी, २२ माघ। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्यका लागि सप्तरी क्षेत्र नं. ३ का उम्मेदवार उपेन्द्र यादव चुनावी छलफल तथा भेटघाटलाई तीव्रता दिनुभएको छ। बिहीबार डाक्नेश्वरी नगरपालिकाको लक्ष्मीपुर, पातो, बलाटी र बनौला गाउँका स्थानीय नेता, कार्यकर्ता तथा आममतदातासँगको भेटघाटमा उहाँले आफ्ना प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ।

भेटघाटमा नागरिकले चुनाव जितेर गएका जनप्रतिनिधिले विकास नगरेको, गाउँमा अझैं सहज बाटो नपुगेको, सिँचाइ सुविधा अभाव, गुणस्तरीय शिक्षाको अभाव, सुविधासम्पन्न अस्पताल नभएको, पुल नहुँदा वर्षायाममा खोला तर्न समस्या झेल्नुपरेको, समयमा मलखाद नपाएको, ग्रामीण महिलाहरु अवसरबाट वञ्चित भएको, बेरोजगारी, नदी नियन्त्रण लगायतका समस्याहरु राखेका छन्। उहाँले उक्त क्षेत्रमा शिक्षा, स्वास्थ्य, सडक, गरिबी, बेरोजगारी लगायतका समस्यामा सरकार गम्भीर बन्नुपर्ने भनाइ राख्नुभयो। उहाँले भन्नुभयो, "'मेरो नजरमा पाँच मूलभूत समस्याको रुपमा बाटोघाटो, स्वास्थ्य, गरिबी, बेरोजगारी र विकास अति आवश्यक रहेको पाएँ, आमजनताका लागि यो अत्यन्तै चिन्ताको विषय हो, सुधारकालागि तीनै तहको सरकारले गम्भीरता देखाउनु जरुरी छ।"

उहाले जनताका गुनासा स्वाभाविक भएको तर विकास नै नभएको अवस्था भने नभएको पनि बताउनुभयो। चुनावी छलफल तथा भेटघाटमा पार्टीका केन्द्रीय उपाध्यक्ष एवम् पूर्वमन्त्री मृगेन्द्रकुमार सिंह यादव, पूर्वमन्त्री रेणु कुमारी यादव, केन्द्रीय सचिव एवम् क्षेत्र निर्वाचन परिचालन समितिका संयोजक शैलेन्द्रप्रसाद साह, केन्द्रीय सदस्य एवम् युवा विद्यार्थीका संयोजक बिदेश्वर प्रसाद यादव (बिक्की), डाक्नेश्वरी नगरपालिकाका पूर्व मेयर शिवनारायण साह, जिल्ला अध्यक्ष सुनिल कुमार झा लगायतका नेताहरु सहभागी हुनुभएको थियो।

# बाक्लो हुस्सु, कुहिरोले जनजीवन प्रभावित

**जनार्जन खत्री**

सर्लाही, २२ माघ। सर्लाहीसहित मधेश क्षेत्रमा दुई दिनदेखि पुनः बाक्लो मात्रामा हुस्सु, कुहिरो लागेसँगै चिसो बढेपछि जनजीवन प्रभावित बनेको छ। यहाँ बिहीबार पनि बिहानैदेखि १०० मिटर अगाडिको दृश्यसमेत देख्न मुस्किल पर्ने गरी बाक्लो मात्रामा हुस्सु लागेर स्याँठ चलिरहेकाले स्थानीयले चिसो महसुस गरेका छन्। यसअघि बुधबार पनि बिहानभर यसैगरी बाक्लो हुस्सु, कुहिरो लागेकोमा दिउँसोपख भने उघ्रिएर घाम लागेको थियो।

मधेशमा यो वर्ष पुस महिनाभर नै शीतलहर चलेको थियो। लामो शीतलहरका कारण जनजीवन प्रभावित हुनुका साथै तोरी, आलुलगायतका दलहन तथा तेलहन बालीको उत्पादनमा कमी आएको किसानले बताएका छन्। माघ लागेपछि गर्मी चढ्दै गइरहेकोमा बुधबारदेखि पुनः बाक्लो, हुस्सु कुहिरो लाग्न थालेको हो। हुस्सु, कुहिरोका कारण विद्यालय जाने बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी, मजदुर, किसान र अत्यावश्यक काम परेर यात्रा गर्नुपर्नेहरु मारमा परेका छन्।

उहाँले चालकहरुलाई अनिवार्य बत्ती बालेर सिमित गतिमा सवारी साधन चलाउन आग्रह गर्नुभएको छ। अहिले पूर्वपश्चिम राजमार्ग निर्माणको क्रममा ठाउँठाउँमा डाइभर्सन निर्माण गरिएकाले अझ बढी सावधानी अपनाउनुपर्ने ट्राफिक प्रहरीका इन्स्पेक्टर साहको भनाइ छ।

# 'प्रहरी सुते अपराध बढ्छ, प्रहरी जागे अपराध घट्छ'

रौतहट, २२ माघ। रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सुरक्षा व्यवस्थामा कुनै कमजोरी हुन नदिने बताएका छन्। बुधबार जिल्ला प्रहरी कार्यालय रौतहटले आयोजना गरेको परिचयात्मक तथा भेटघाट कार्यक्रममा बोल्दै उनले शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण सुरक्षा संयन्त्र परिचालन गरिने प्रतिबद्धता जनाएका छन्।

प्रहरी संगठन इमानदार र व्यावसायिक ढंगले जनताको अपेक्षा अनुसार काम गरिरहेको उल्लेख गर्दै एसपी रिजालले विगतका अनुभवलाई ध्यानमा राख्दै यसपटक विशेष रणनीति अपनाइने बताए। "पहिले निर्वाचनका बेला बाकस बोकेर भाग्ने जस्ता घटना भएका स्थानहरूमा विशेष निगरानी र सुरक्षा सतर्कता बढाइनेछ," उनले भनेका छन्। जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार दुरुपयोग हुन सक्ने आशंकाले यसपटकको निर्वाचन थप चुनौतीपूर्ण बनेको उनको भनाइ थियो। "प्रहरी सुते अपराध बढ्छ, प्रहरी जागे अपराध घट्छ," भन्दै उनले गम्भीर प्रकृतिका अपराधमा संलग्न व्यक्तिहरूलाई जाहेरीका आधारमा नियन्त्रणमा लिएर कानुनी कारबाही अघि बढाइने स्पष्ट पारेका छन्।

कार्यक्रममा उपस्थित पत्रकारहरूले निर्वाचन सुरक्षासँग जोडिएका विभिन्न विषयमा प्रश्न उठाएका थिए। ट्राफिक व्यवस्थापन कमजोर भएको, भारतीय नम्बर प्लेटका सवारीसाधन निर्वाचनमा प्रयोग हुने गरेको, सीमावर्ती क्षेत्रमा अवैध मदिरा बिक्री खुला रहेको जस्ता गुनासाहरू राखिएका थिए। त्यस्तै, समुदाय–प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाउनुपर्ने, युवाहरूको तीव्र गतिमा मोटरसाइकल चलाउने प्रवृत्तिले दुर्घटना बढाएको, ड्युटीमा खटिएका प्रहरी नागरिकभन्दा व्यापारीप्रति बढी केन्द्रित हुने गरेको आरोप पनि उठ्यो।

उजुरी दर्तामा ढिलासुस्ती, आर्थिक चलखेलको आशंका, करणी सम्बन्धी मुद्दामा अनुसन्धान सुस्त भएको, अदालतका आदेश कार्यान्वयनबारे स्पष्ट जानकारी नदिइने जस्ता विषय पनि पत्रकारहरूले उठाएका थिए। सीमाक्षेत्र हुँदै हतियार तथा मदिरा तस्करी, भन्सार जाँच फितलो, डिजे बाजामा अश्लील गीत बजाउने प्रवृत्तिले सामाजिक वातावरण बिगारेको विषयमा समेत ध्यानाकर्षण गराइएको थियो। जवाफमा एसपी रिजालले चुनावविरोधी गतिविधि रोक्न आवश्यक सबै सुरक्षा उपाय अपनाइने बताए। होली पर्वसमेत सुरक्षाका दृष्टिले संवेदनशील हुने भएकाले विशेष निगरानी गरिने उनले जानकारी दिए। सीमा नाकामा चेकजाँच कडा बनाइने, ट्राफिक व्यवस्थापन सुधार गरिने र समुदायसँग सहकार्य बढाइने उनको प्रतिबद्धता थियो।

उनले प्रहरीको कामकारबाहीमा ढिलासुस्ती वा लापरबाही भेटिए सह्य नहुने चेतावनी दिँदै नागरिकलाई कुनै समस्या परे नजिकको प्रहरी कार्यालयमा सूचना दिन आग्रह गरेका छन्। कार्यक्रममा एसपी सिताराम रिजाल सँगै जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णुप्रदीप बस्यालको उपस्थिति रहेको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)